# मिति २०७४/१२/१३ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

**निर्णय नं १**

गाउँसभाको मिति २०७४।१२।०९ गतेको निर्णयबाट प्रत्यायोजित अधिकार प्रयोग गरि आ व २०७४।७५ को योजना ब्यवस्थापन —Contingency बाट ब्ययभार हुनेगरी तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरमा रकम विनियोजन गर्ने निर्णय गरियो।साथै आवश्यकताका र औचित्वकाका आधारमा यस कार्यक्रममा थपघट तथा संसोधन गर्नु परेमा अध्यक्षको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रम संसोधन गरि कार्यान्यन गर्न सक्ने गरि प्रमुख प्रशासकिय अधिकृतलाई अधिकार प्रत्यायोजन गरियो।

<u>तपसिल</u>

| | |
|---|---|
| प्राविधिक कर्मचारी भत्ता | २३८००० |
| सार्वजनिक सुनुवाई | १००००० |
| उपभोक्ता समुह अभिमुखिकरण कार्यक्रम | १००००० |
| सामाजिक परिचालक तलब | १८२००० |
| मसलन्द तथा सामान | ३००००० |
| इन्जिनीयरिङ्ग सामान | ३००००० |
| अनुगमन वडा तह | ७५०००० |
| अनुगमन गा पा | ३००००० |
| चार नं वडा कार्यालय बाटो | २००००० |
| जैतिखोला पिपलबोट ४ नं वडा कार्यालय जोडने बाटो | ३००००० |
| देवीदर्का उपल्लो बाँझकाँडा १ नं वडा का बाटो | २००००० |
| जम्मा | २९७०००० |

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिकाको शिक्षा नियमावली, २०७४ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

मिति २०७४।११।२९ कार्यपालिकाबाट स्वीकृत भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नमुना अनुसार संसोधन गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

बागचौर नगरपालिका वडा नं ५ बाङ्गेलाखुरीमा मिति २०७४।१२।०४ भएको आगलागी पिडितलाई एकमुष्ट रु १०००० (दस हजार मात्र) त्रिवेणी गाउँपालिका वडा नं ६ भाटाखोलामा मन्दिर निर्माणको लागि रु ७००० (सात हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।